# सन्दकपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## माबुमोड देउराली, इलाम
स्था : २०७३

कोशी प्रदेश,नेपाल


प.स. :२०८३/०८४
च.नं.

मिति: २०८३/०६/०७
ने.सं. ११४६ कौलाथ्व १२

**विषयः अत्यन्त जरुरी सूचना।**

राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणको पुर्व सूचना, जिल्ला सुरक्षा समिति इलामको जानकारी पत्र (निर्णय) साथै जल तथा मौसम सम्बन्धी हाल उपलब्ध पूर्वानुमान अनुसार बंगालको खाडी आसपास विकसित भइरहेको मौसमी प्रणालीका कारण यही **असोज ८ गते देखि ११ गते** सम्म नेपालका विभिन्न स्थानमा वर्षाको गतिविधि बढ्न सक्ने तथा कतिपय स्थानमा भारी देखि अति भारी वर्षा हुन सक्ने सम्भावना रहेको जानकारी प्राप्त भए अनुसार विशेष गरी पहाडी तथा हिमाली भू–भागमा भारी वर्षाका कारण बाढी, पहिरो, भू–क्षय, सडक अवरोध तथा अन्य विपद्जन्य घटना हुनसक्ने सम्भावनालाई मध्यनजर गरी आवश्यक पूर्वतयारी तथा सावधानी अपनाउन हुन यो सूचना मार्फत अनुरोध गरिन्छ।

यस सन्दर्भमा सन्दकपुर गाउँपालिका क्षेत्रका सम्पूर्ण वडावासी, स्थानीय बासिन्दा, पर्यटक, व्यवसायी तथा सरोकारवाला सबैमा देहाय बमोजिम सावधानी अपनाउन हुन समेत जानकारी गरिन्छ।

१. भारी वर्षाको समयमा खोला, खोल्सा, नदी, झरना तथा पहिरोको जोखिमयुक्त क्षेत्रमा नजान हुन।

२. पहिरोको जोखिम रहेका सडक तथा भिरालो क्षेत्रमा अनावश्यक यात्रा नगर्न र सम्भव भए सम्म लामो दूरीको यात्रा स्थगित गर्नु हुन्।

३. घर, गोठ तथा सम्भब भए सम्म अन्य सार्वजनिक भौतिक संरचना आसपासको पानी निकास व्यवस्थित गरी वर्षाको पानी जम्न नदिन पूर्व तयार गर्ने।

४.जोखिमयुक्त स्थानमा बसोबास गर्ने परिवारले महत्त्वपूर्ण कागजात, खाद्यान्न, औषधि, लत्ताकपडा तथा अत्यावश्यक सामग्री सुरक्षित स्थानमा राख्नु हुन्।

५. बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अन्य जोखिममा रहेका व्यक्तिहरूलाई विशेष सावधानी पूर्वक सुरक्षित स्थानमा राख्ने व्यवस्थाको प्रवन्ध गर्ने।

६. वर्षाका कारण सडक तथा ग्रामीण सडकहरू अवरुद्ध हुन सक्ने भएकाले यात्रा गर्नुअघि सडकको अवस्था बुझेर मात्र यात्रा गर्नु हुन्।

७. पर्यटक तथा होमस्टे सञ्चालकहरूले मौसमको अवस्था र स्थानीय सुरक्षा अवस्थालाई ध्यानमा राखी जोखिमयुक्त पर्यटकीय क्षेत्रमा भ्रमण नगर्न/नगराउन अनुरोध गरिन्छ।

८. सम्भावित विपद्को अवस्थामा तत्काल स्थानीय जनप्रतिनिधि, सुरक्षा निकाय, वडा कार्यालय वा गाउँपालिकाको सम्बन्धित शाखामा जानकारी गराउन हुन्।

९. यस गाउँपालिकाका सबै वडा कार्यालय (५ वटै), सुरक्षा निकाय, स्वास्थ्य संस्था, विद्यालय, स्थानीय संघसंस्था तथा सरोकारवाला निकायहरूलाई सम्भावित जोखिमलाई मध्यनजर गरी आवश्यक पूर्वतयारी अवस्थामा रहन अनुरोध गरिन्छ।


E-Mail:sandakpurrm@gmail.com Website: www.sandakpurmun.gov.np
Phone No.:9801451741, 9801451742

सन्दकपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
माबुमोड देउराली, इलाम
स्था : २०७३
कोशी प्रदेश,नेपाल
प.स. :२०८३/०८४
मिति: २०८३/०६/०७
च.नं.
ने.सं. ११४६ ञँलाथ्व १२

**नोट: उक्त समय अवधिमा कुनै घटना भएमा वा सम्भावित विपद् जोखिम देखिएमा तपसिलका व्यक्ति तथा सुरक्षा निकायहरुमा तत्काल सम्पर्क गर्न हुन समेत जानकारीका लागि अनुरोध छ ।**

| क्र.सं | कार्यालय | सम्पर्क व्यक्ति | सम्पर्क नं | कैफियत |
|---|---|---|---|---|
| १ | विपद् व्यवस्थापन शाखा, स.गा.पा | रमेश भट्टराई (विपद् फोकल पर्सन) | 9852680227/ 9817062777 | |
| २ | १ नं वडा कार्यालय, माईपोखरी | रहर कुमार राई (वडाध्यक्ष) | 9814942889 | |
| ३ | २ नं वडा कार्यालय, माईमझुवा | सनम राई (वडाध्यक्ष) | 9842776226 | |
| ४ | ३ नं वडा कार्यालय, सुलुबुङ् | लील बहादुर बुर्जा (वडाध्यक्ष) | 9817922044 | |
| ५ | ४ नं वडा कार्यालय, माबु | ढाल बहादुर गुरुङ (वडाध्यक्ष) | 9842799961 | |
| ६ | ५ नं वडा कार्यालय, जमुना | यज्ञ बहादुर गुरुङ (वडाध्यक्ष) | 9803590733 | |
| ७ | कालपोखरी BOP (सशस्त्र प्रहरी बल) | Bop प्रमुख | 9851271178 | |
| ८ | जौबारी BOP (सशस्त्र प्रहरी बल) | Bop प्रमुख | 9851271157 | |
| ९ | प्रहरी चौकी बन्दुके, देउराली | चौकी इन्चार्ज | 9852685103 | |
| १० | प्रहरी चौकी माबु, सन्दकपुर-४ | चौकी इन्चार्ज | 9816316645 | |
| ११ | प्रहरी चौकी कालपोखरी, सन्दकपुर-४ | चौकी इन्चार्ज | 9822685122 | |
| १२ | प्रहरी चौकी जमुना,सन्दकपुर-५ | चौकी इन्चार्ज | 9807924492 | |
| १३ | प्रहरी चौकी जौबारी,सन्दकपुर-५ | चौकी इन्चार्ज | 9769722806 | |

..............................
तुला राम गुरुङ
अध्यक्ष
सन्दकपुर गाउँपालिका, इलाम

तुलाराम गुरुङ
अध्यक्ष
सन्दकपुर गाउँपालिका

E-Mail:sandakpurrm@gmail.com Website: www.sandakpurmun.gov.np
Phone No.:9801451741, 9801451742